# स्थानीय राजपत्र

देवघाट गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ७, संख्याः १७, मितिः २०८०/०९/२३

## भाग–२

## देवघाट गाउँपालिकाको शैक्षिक छात्रवृत्ति व्यवस्थापन कार्यविधि २०८०

देवघाट गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

देवघाट, तनहुँ

गण्डकी प्रदेश, नेपाल

# देवघाट गाउँपालिकाको शैक्षिक छात्रवृत्ति व्यवस्थापन कार्यविधि २०८०

कार्यपालिकाबाट स्वीकृत मिति: २०८०/०९/२३
प्रमाणीकरण र प्रकाशित मिति: २०८०/०९/२३

प्रस्तावना: आर्थिक अभाव तथा सामाजिक कारणहरुले आधारभूत, माध्यमिक तथा उच्च तह र प्रविधिक शिक्षा हासिल गर्नबाट वञ्चित हुने जोखिममा रहेका वा अवसर नपाएका गरिब, असहाय, बहिष्करणमा परेका तथा जेहेन्दार बालबालिकाहरुलाई आधारभूत, माध्यमिक तथा उच्च तह र प्राविधिक शिक्षा दिई बालबालिका तथा युवाहरुको जीवन सुरक्षित गर्न तथा जनतालाई स्थानीय सरकारको प्रत्यक्ष उपस्थितिको अनुभूति दिलाउदै लोक कल्याणकारी राज्यको स्थापना तथा सामाजिक न्याय समेत प्रदान गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा २ तथा देवघाट गाउँपालिकाको शिक्षा ऐन २०७९ को दफा ६३ को उपदफा १ बमोजिम कार्यपालिकाले देवघाट गाउँपालिकाको शैक्षिक छात्रवृत्ति व्यवस्थापन कार्यविधि २०८० स्वीकृत गरी लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यो कार्यविधिको नाम "देवघाट गाउँपालिकाको शैक्षिक छात्रवृति व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ।

२) यो कार्यविधि देवघाट गाउँ कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा:** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "गाउँपालिका" भन्नाले देवघाट गाउँपालिकालाई सम्झनुपर्छ।

ख) "कार्यपालिका" भन्नाले देवघाट गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

ग) "वडा" भन्नाले देवघाट गाउँपालिकाका भित्रका वडा कार्यालयहरुलाई सम्झनुपर्छ।

घ) "समिति" भन्नाले यस कार्यविधिको दफा ७ बमोजिमको छात्रवृत्ति व्यवस्थापन समिति सम्झनुपर्छ।

ङ) "शैक्षिक छात्रवृत्ति" भन्नाले आर्थिक अभाव वा सामाजिक कारणहरुले आधारभूत, माध्यमिक तथा उच्च तह र प्राविधिक शिक्षा प्राप्त गर्नबाट वञ्चित हुने जोखिममा रहेका वा नसकेका विद्यार्थीलाई गाउँपालिकाबाट

प्रदान गरिने शैक्षिक छात्रवृत्तिलाई सम्झनुपर्दछ ।

च) "लाभग्राही" भन्नाले यस कार्यविधि बमोजिम गाउँपालिकाबाट उपलब्ध गराइने छात्रवृत्ति प्राप्तिका लागि आवेदन गर्ने विद्यार्थीलाई सम्झनुपर्छ ।

छ) "लक्षित समूह" भन्नाले एकल महिला, अपाङ्गता, आदिवासी, जनजाति, दलित, शहीद तथा बेपत्ता पारिएका परिवारका सदस्य, वैदेशिक रोजगारीका सिलसिलामा मृत्यु भएका कामदारको परिवार, भुकम्प वा प्रकोपका कारण विस्थापित तथा प्रभावित र अति विपन्न वर्गका अन्य समुदायको परिवारका सदस्यहरुलाई सम्झनुपर्छ ।

ज) "सम्बन्धित विद्यालय वा शैक्षिक संस्था" भन्नाले यस कार्यविधि बमोजिम उपलब्ध गराइने छात्रवृत्ति बमोजिम अध्यापन गराउने विद्यालय वा शैक्षिक संस्थालाई सम्झनुपर्छ ।

३. **शैक्षिक छात्रवृत्ति प्रदान गरिने:** गउँपालिका तथा वडा कार्यालयहरुले निम्नानुसार छात्रवृत्ति प्रदान गर्नेछन्,

१) गाउँपालिकाले प्रत्येक वर्ष लक्षित समूहका परिवारहरु मध्ये आर्थिक अभाव वा सामाजिक अवस्थाका कारणहरुले आफ्ना बालबालिकालाई आधारभूत, माध्यमिक तथा उच्च तह र प्राविधिक शिक्षा प्रदान गर्न नसक्ने परिवारका सदस्यहरुलाई मात्र यस कार्यविधिको अधीनमा रही उनीहरू अध्ययनरत वा सम्बन्धित शिक्षाका लागि नजिकको उपयुक्त वा गाउँपालिकाले तोकेको विद्यालय वा शैक्षिक संस्थामा मात्र अधिकतम पचास हजार रकम छात्रवृत्ति उपलब्ध गराईनेछ ।

२) छात्रवृत्ति रकम उपलब्ध गराउँदा सम्बन्धित विद्यार्थी, विद्यालय वा शैक्षिक संस्थाले पेश गरेको कागजातका आधारमा छात्रवृत्ति व्यवस्थापन समितिले निर्णय गरे बमोजिमको रकम गाउँपालिकाले सम्बन्धित विद्यार्थी, विद्यालय वा शैक्षिक संस्थालाइ उपलब्ध गराउनेछ ।

४. **शैक्षिक छात्रवृत्ति बाँडफाँड गरिने:** गाउँपालिका तथा वडा कार्यालयहरुले निम्नानुसार छात्रवृत्ति बाँडफाँड गर्नेछन्

१) सार्वजनिक सूचना मार्फत माग गरिएका छात्रवृत्ति सम्बन्धी निवेदनका आधारमा गाउँपालिकाबाट विनियोजित बजेटको अधिनमा रही छात्रवृत्ति व्यवस्थापन समितिले निर्णय गरे बमोजिम छात्रवृत्ति संख्या र रकम निर्धारण

गरी सबै वडामा समानुपातिक ढङ्गले छात्रवृत्ति रकम उपलब्ध गराईनेछ । तर कुनै वडाबाट छात्रवृत्ति माग नभएमा अन्य वडाहरुमा वितरण गरिनेछ । यसरी उपलब्ध गराईने छात्रवृत्ति रकम वितरण गर्दा निम्न बमोजिमका लाभग्राहीहरुलाई प्राथमिकता दिइनेछ:

क) विपन्न वर्गका एकल महिला, शहीद परिवार, वेपत्ता परिवार तथा वैदेशिक रोजगारीका सिलसिलामा मृत्यु भएका कामदारका परिवार र अति विपन्न अन्य परिवारका सदस्यहरु, भुकम्पका कारण विस्थापित तथा प्रभावित परिवारका सदस्यहरू,

ख) विपन्न वर्गका आदिवासी, जनजाति, दलित र लोपोन्मुख समुदायका सदस्यहरू,

ग) अपाङ्गता भएका व्यक्तिहरु तथा अपाङ्गता भएका अभिभावकका सन्ततिहरू,

घ) सामुदायिक विद्यालयमा अध्ययनरत सर्वोत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरू,

ङ) प्राविधिक शिक्षा अध्ययन गर्न चाहने लाभग्राही परिवारका सदस्यहरू,

२) उपदफा (१) बमोजिम बाँडफाँड गरिने छात्रवृत्तिमा लक्षित समूहका लाभग्रहीबाट छात्रवृत्ति माग नभएमा उक्त छात्रवृत्ति माग गर्ने अन्य समूहका लाभग्राहीहरुलाई उपलब्ध गराइनेछ ।

३) प्राप्त निवेदनका आधारमा छात्रवृत्ति रकम एकिन गरी वितरण गरिनेछ । छात्रवृत्ति रकम वितरण गर्दा तोकिएको मितिभित्र प्राप्त निवेदनका आधारमा वितरण गरिनेछ । एक आर्थिक वर्षमा छात्रवृत्ति वापत विनियोजित बजेट रकम सकिए पश्चात त्यो आर्थिक वर्षमा थप लाभग्राहीलाई छात्रवृत्ति रकम उपलब्ध गराइने छैन । यसरी छात्रवृत्ति पाउन छुट भएका लाभग्राहीले अर्को आ.व. मा पुन: निवेदन दिन सक्नेछन् ।

५. **शैक्षिक छात्रवृत्ति प्रदान नगरिने:** गाउँपालिका तथा वडा कार्यालयहरुबाट देहायको अवस्थामा लक्षित समूहका लाभग्राहीलाई छात्रवृत्ति प्रदान गरिने छैन:-

क) संघ तथा प्रदेश सरकारबाट वा संघ तथा प्रदेश सरकारलाई प्राप्त भएको अन्य कुनै त्यस्तै शैक्षिक छात्रवृत्ति प्राप्त गरिरहेको विद्यार्थी,

ख) कुनै शिक्षण संस्थाबाट शैक्षिक छात्रवृत्ति प्राप्त गरिरहेको विद्यार्थी,

ग) सामाजिक संघ संस्था वा अन्य कुनै निकाय वा सरोकारवालबाट शैक्षिक छात्रवृत्ति प्राप्त गरिरहेको व्यक्ति,

घ) कुनै पनि शैक्षिक छात्रवृत्तिका लागि सिफारिस भई पाउने पक्का भईसकेको विद्यार्थी,

ङ) कुनै पनि फौजदारी कसुरमा दोषी प्रमाणित भएकोमा,

६. **शैक्षिक छात्रवृत्ति रद्द गरिने:** देहाय बमोजिमको अवस्थामा समितिको सिफारिसमा कार्यपालिकाले यस कार्यविधि बमोजिम प्रदान गरिएको छात्रवृत्ति रद्द गर्न सक्नेछ:-

क) निवेदनसाथ झुटा विवरण पेश गरेको प्रमाणित भएमा,

ख) छात्रवृत्ति प्राप्त गरेको कक्षाको अध्ययन पूरा नगरेमा वा अध्ययन बिचैमा छाडेमा,

ग) अध्ययन अवधिमा फौजदारी कसुरमा दोषी प्रमाणित भएमा,

घ) विद्यार्थीको हैसियतले पालना गर्नुपर्ने आचरण सम्बन्धी कुरा वारम्वार पालना नगरेको भनी सम्बन्धित विद्यालय वा शैक्षिक संस्थाले दफा ७ बमोजिमको समितिलाई लिखित जानकारी गराएमा समितिको निर्णय बमोजिम ।

७. **शैक्षिक छात्रवृत्ति व्यवस्थापन समिति:** छात्रवृत्ति सम्बन्धी कार्य प्रकृयालाई व्यवस्थित बनाउन तथा यस विषयमा समन्वय एवम् व्यवस्थापन समेत गर्नका लागि कार्यपालिका मातहतमा रहने गरी देहाय बमोजिम एक छात्रवृत्ति व्यवस्थापन समिति रहने छ:-

क) गाउँपालिकाका अध्यक्ष :- संयोजक

ख) गाउँपालिकाका उपाध्यक्ष :- सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत :- सदस्य

घ) गाउँ शिक्षा समितिले तोकेको (शिक्षा समितिका सदस्य तथा समाजसेवी वा शिक्षाविद्हरुमध्येबाट) ३ जना :- सदस्य

ङ) शिक्षा शाखा प्रमुख वा शिक्षा शाखाले तोकेको व्यक्ति :- सदस्य सचिव

८. **शैक्षिक छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:** यस कार्यविधिमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) शैक्षिक छात्रवृत्तिलाई दीर्घकालीन तथा प्रभावकारी बनाउनका लागि अवलम्बन गर्नुपर्ने विषयमा कार्यपालिकालाई परामर्श उपलव्ध गराउने,

ख) गाउँपालिकाको निर्णय बमोजिम छात्रवृत्ति शीर्षकमा विनियोजित बजेट समेतको विश्लेषण गरी प्रत्येक वर्ष छात्रवृत्ति प्रदान गरिने संख्या र छात्रवृत्ति रकम एकीन गर्ने,

ग) छात्रवृत्ति प्रदान गर्नका लागि समितिको बैठकको निर्णय मार्फत आवश्यक प्रकृया तय गरी सो प्रकृया अवलम्बन गरी योग्य लाभग्राही छनौट गरी छात्रवृत्ति रकम तोक्ने,

घ) छात्रवृत्ति प्रदानका लागि अनुसूची २ बमोजिमको मापदण्डको आधारमा छात्रवृत्ति छनौट गर्ने,

ङ) यस कार्यविधिको उद्देश्य अनुरुप आवश्यक देखिएका अन्य काम गर्न गराउन कार्यपालिकालाई राय उपलव्ध गराउने,

च) वडा समिति, शिक्षा समिति, सम्बन्धित विद्यालय तथा शैक्षिक संस्थाहरुसँगको समन्वयमा छात्रवृत्ति वितरण गरिएका विद्यार्थीहरुको प्रगति अनुगमन गर्ने ।

**९. छनौटको लागि सूचना प्रकाशन गर्नेः**

१) समितिले कम्तिमा पन्ध्र दिनको म्याद दिई यस कार्यविधि बमोजिम उपलब्ध गराइने छात्रवृत्तिका लागि इच्छुक योग्य लाभग्राहीबाट प्रत्येक वर्ष दरखास्त आह्वान गरी स्थानीय स्तरमै लाभग्राहीले जानकारी पाउने सुनिश्चितता सहित सूचना प्रकाशित गर्नेछ ।

२) विशेष अवस्थामा समितिले निर्णय गरी दरखास्त बुझाउने म्याद थप गर्न सक्नेछ । तर निर्णयमा म्याद थप गर्नुपर्ने कारण सहितको स्पष्ट निर्णय गरिनेछ ।

३) उपदफा (१) बमोजिमको सूचनामा देहायको विवरण समेत खुलाउनु पर्नेछ ।

 क) छात्रवृत्ति प्रदान गरिने समावेशी समूहको छात्रवृत्तिको सङ्ख्या,

 ख) छात्रवृत्तिमा छनौट गर्ने प्राथमिकताका मुख्य आधार,

 ग) दरखास्तको ढाँचा,

 घ) दरखास्त साथ संलग्न गर्नु पर्ने कागजात तथा विवरणहरू,

 ङ) दरखास्त बुझाउनु पर्ने स्थान,

 च) समितिले आवश्यक ठानेका अन्य विषयहरू ।

४) उपदफा (३) बमोजिमको सूचना कार्यपालिकाको वेभसाइट तथा गाउँपालिकासँग सम्बन्धित अन्य सूचनाका माध्यमहरुबाट समेत प्रकाशन गरिनेछ ।

**१०. दरखास्त दिनुपर्नेः**

१) यस कार्यविधि बमोजिम शैक्षिक छात्रवृत्ति प्राप्त गर्न चाहने लक्षित समूहका इच्छुक लाभग्राहीले दफा (९) बमोजिमको सूचनामा तोकिएको अवधि भित्र अनुसूची २ मा तोकिएको ढाँचामा छात्रवृत्ति व्यवस्थापन समिति समक्ष दरखास्त दिनुपर्नेछ।

२) तोकिएको अवधि भित्र र प्रकृया पूरा नगरी दरखास्त पेश गर्ने लाभग्राहीले यस कार्यविधि बमोजिमको शैक्षिक छात्रवृत्ति सुविधा पाउने छैन।

**११. दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरूः**

१) कक्षा ८, एस.इ.इ./एस.एल.सी वा कक्षा ११- १२ वा सो सरहको तह उतीर्ण गरेको मार्कसिट/ग्रेडसिट र प्रमाण पत्रको छायाँ प्रति,

२) देवघाट गाउँपालिकामा स्थायी बसोबास गरेको प्रमाण-पत्र वा बसाईँसराईँको प्रमाण पत्र, जन्मदर्ताको प्रमाण-पत्र वा नागरिकताको प्रमाण-पत्रको छायाँ प्रति,

३) सम्बन्धित वडाबाट आर्थिक रुपमा विपन्न भएको सिफारिस पत्र,

४) अपाङ्गताको हकमा अपाङ्गता परिचयपत्र,

५) एकल महिला, वैदेशिक रोजगारीमा बाबुआमा गुमाएका निवेदकको हकमा प्रमाण खुल्ने कागजात,

६) सामुदायिक विद्यालयमा अध्ययन गरेको प्रमाण पत्र तथा सिफारिस पत्र,

७) प्राविधिक शिक्षालय वा विद्यालयमा भर्ना गरेको प्रमाण वा शिक्षालयमा निरन्तर अध्ययन गरिरहेको पत्र।

**१२. शैक्षिक छात्रवृत्तिका लागि योग्यताक्रमको सूची तयार गर्नेः** दफा (९) बमोजिम माग गरिएको सूचना बमोजिम व्यवस्थापन समितिले तोकेको शैक्षिक छात्रवृत्ति वितरणका लागि सूचना प्रकाशन गर्नुपुर्व शैक्षिक छात्रवृत्तिको योग्यता ता प्राथमिकीकरण सम्बन्धी निर्णय गर्नेछ। सङ्ख्या भन्दा बढी दरखास्त प्राप्त भएमा लाभग्राहीहरुको सोही अनुसार छनौट गरिनेछ।

**१३. लाभग्राही छनौट गर्नेः**

१) समितिको दफा (१२) बमोजिम तयार गरेको अन्तिम योग्यताक्रमको सूचीका आधारमा छनौटको सिफारिस विवरण सार्वजनिक समेत गर्नुपर्नेछ।

२) उपदफा (१) बमोजिम अन्तिम योग्यताक्रमको सूची छनोटको सिफारिस गर्दा समितिले विस प्रतिशतमा नबढाई सिफारिस गर्नुपर्नेछ ।

**१४. कबुलियतनामा गर्नुपर्ने**ः

१) दफा १२ बमोजिम छात्रवृत्तिको लागि लाभग्राही छनौट भएका लाभग्राही सम्बन्धित परिवारको मुख्य अभिभावकले छनौटको अन्तिम सूची प्रकाशन भएको मितिले सात दिनभित्र समितिबाट निर्धारित ढाँचामा तीन प्रति कबुलियतनामा गर्नुपर्नेछ।यस्तो कबुलियतनामा भर्ना भएको कक्षामा कम्तिमा एक शैक्षिक सत्रको अध्ययन पूरा गरी वार्षिक परीक्षामा भाग लिनुपर्नेछ भनी उल्लेख गरिनेछ। कबुलियतको अन्य थप विवरण समितिले थप गर्न सक्नेछ। तर शैक्षिक छात्रवृत्तिकै कारण विद्यार्थीलाई थप बोझ हुने गरी कुनै पनि व्यवस्था गरिने छैन।

२) उपदफा (१) बमोजिमको कबुलियतनामामा अन्य कुराको अतिरिक्त छात्रवृत्ति प्राप्त गरी अध्ययन पूरा नगरेमा, अन्य संस्था वा निकायबाट सोही अध्ययनको लागि छात्रवृत्ति प्राप्त गरेकोमा, दोहोरो पर्ने गरी छात्रवृत्ति स्वीकार गरेको भएमा छात्रवृत्तिको रुपमा प्राप्त गरेको रकममा कार्यपालिकाले निर्धारण गरे बमोजिमको व्याज रकम समेत सरकारी बाँकी सरह असूल उपर गराईनेछ।

**१५. अभिलेख राखिने**ः समितिले छात्रवृत्ति उपलब्ध गराइएका लाभग्राहीहरुको विवरण अद्यावधिक गरी राख्नु पर्नेछ। यस्तो अद्यावधिक विवरण कार्यपालिका, सम्बन्धित वडा कार्यालय, शिक्षा शाखा र सम्बन्धित शैक्षिक संस्थाहरुलाई उपलब्ध गराउनु पर्नेछ। सो अद्यावधिक विवरण उपयुक्त माध्यममार्फत सार्वजनिक समेत गर्नु पर्नेछ।

**१६. छात्रवृत्ति रकम भुक्तानी:** दफा १३ बमोजिम छात्रवृत्तिको लागि छनौट भई दफा १४ बमोजिम कबुलियतनामा गरेपछि छात्रवृत्तिको शीर्षकमा विनियोजित बजेट शीर्षकबाट गाउँपालिकाको कार्यालयले सम्बन्धित विद्यार्थी, विद्यालय वा शैक्षिक संस्थालाई एकमुष्ट रुपमा रकम भुक्तानी गर्नेछ।

**१७. विद्यालय वा शैक्षिक संस्था परिवर्तन गर्न नपाउने**ः छात्रवृत्तिमा छनौट भई अध्ययन गरिरहेका लाभग्राहीले कम्तिमा एक शैक्षिक सत्रभित्र अध्ययन गरिरहेको विद्यालय वा शैक्षिक संस्था परिवर्तन गर्न पाउने छैन।

**१८. पुनः छात्रवृत्तिमा छनौट गर्न नसकिने**ः छात्रवृत्तिमा छनौट भएको लाभग्रही बढिमा दुई पटकसम्म छनौट हुन सक्नेछन्। पटक पटक छात्रवृत्तिमा छनौट गर्न सकिने छैन।

**१९. प्रतिवेदन पेश गर्ने**ः प्रत्येक वर्ष प्रदान गरिएको छात्रवृत्तिको विवरण, छात्रवृत्ति

प्राप्त गरी अध्ययन गर्ने लाभग्राहीहरुको अवस्था, रकमको अवस्था, छात्रवृत्तिको प्रभावकारिता तथा यसको उपलब्धी मूल्याङ्कन, छात्रवृत्ति कार्यान्वयनमा आएको समस्याहरु र समाधानका उपायहरु सहितको प्रतिवेदन समितिले कार्यपालिकामा पेश गर्नु पर्नेछ । कार्यपालिकाले यसरी पेश हुन आएको प्रतिवेदन अध्ययन गरी सार्वजनिक गर्नुपर्नेछ ।

**२०. उजुरी सुनुवाई समितिः**

१) लाभग्राही उम्मेदवार छनौट सम्बन्धी समितिको निर्णयमा चित्त नबुझ्ने उम्मेदवार वा निजको परिवारले समितिको सिफारिस गर्ने निर्णय सार्वजनिक भएको मितिले सात दिनभित्र ठोस आधार र प्रमाण सहित सुनुवाई समितिमा उजुरी निवेदन दिन सक्नेछ ।

२) उपदफा (१) को प्रयोजनका लागि गाउँपालिकामा देहाय बमोजिमको उजुरी सुनुवाई समिति रहनेछः-

क) गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग) सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य

३) उपदफा (१) बमोजिम परेको उजुरीको सम्बन्धमा उजुरी दिने म्याद समाप्त भएको मितिले तिन दिनभित्रमा उपदफा (२) बमोजिमको समितिले निर्णय दिनुपर्नेछ । सो निर्णयमा चित्त नबुझेमा सम्बन्धित प्रचलित कानून बमोजिम माथिल्लो निकायमा जान सक्नेछन् ।

**२१. बाधा अड्काउ फुकाउन सक्नेः** यस कार्यविधिमा लेखिएको कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधा अड्चन परेमा समितिको सिफारिसमा कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्चन फुकाउन सक्नेछ ।

**२२. खारेजी तथा बचाउः** यस अगाडि भएका छात्रवृत्ति सम्बन्धी निर्णय कार्यन्वयनमा यस कार्यविधिले कुने बाधा पुर्याएको मानिने छैन ।

अनुसूची १

दफा ८ को खण्ड "घ" सँग सम्बन्धित

**शैक्षिक/प्राविधिक छात्रवृत्ति छनौटका मापदण्ड**

| क्र.स. | विवरण | अंक | विस्तृतीकरण |
|---|---|---|---|
| १ | पछिल्लो शैक्षिक योग्यता | ५० | प्राप्ताङ्कलाई पूर्णाङ्कले भाग गरी ५० ले गुणा गर्दा आउने अङ्क |
| २ | विपन्नता | १० | |
| ३ | एकल महिलाका सन्तान, वैदेशिक रोजगारीमा बाबुआमा गुमाएका, | १० | |
| ४ | महिला | १० | |
| ५ | दलित, आदिवासी, जनजाति | १० | |
| ६ | अपाङ्गता भएका व्यक्ति | १० | 'ख' वर्गको परिचय पत्र भए १० अङ्क, 'ग' वर्गको परिचय पत्र भए ८ अङ्क 'घ' वर्गको परिचय पत्र भए ५ अङ्क |
| **जम्मा** | | **१००** | |

अनुसूची २

दफा १० को उपदफा १ सँग सम्बन्धित

## शैक्षिक/प्राविधिक छात्रवृत्ति माग गर्न दिइने निवेदनको ढाँचा

मिति...............................

श्रीमान् .....................................ज्यू,
देवघाट गाउँपालिका
गाउँ कर्यपालिकाको कार्यालय
देवघाट, तनहुँ।

**विषयः शैक्षिक/प्राविधिक छात्रवृत्ति पाऊँ।**

महोदय,

प्रस्तुत विषयमा यस देवघाट गाउँपालिका वडा नं..............निवासी श्री.............................................को नाति/नातिनी........................................ को छोरा/छोरी म ..................................... ले यस गाउँपालिकाबाट प्रदान गरिने शैक्षिकप्राविधिक छात्रवृत्ति ................................... विद्यालयको .......................... तहको....................... संकायमा अध्ययनको लागि छात्रवृत्ति पाउँ भनी आवश्यक कागजातहरु सहित यो निवेदन पेश गरेको । मैले प्राप्त गरेको शैक्षिक योग्यताको विवरण निम्नानुसार रहेको छः-

| क्र.स. | शैक्षिक संस्था | शैक्षिक वर्ष | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

निवेदकको दस्तखतः

नाम, थरः

ठेगानाः

आज्ञाले,

**गौरीप्रसाद आचार्य**

प्रमुख प्रशासकीय अधिकृत